नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## प्रधानमन्त्री रोजगार कार्यक्रम

सिहंदरबार, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ८- २०८०/०८१
च.नं./pmep/ ८८३

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं

मितिः २०८०।१०।०३

श्री रोजगार संयोजकज्यू
स्थानीय तह (सबै)।

विषयः प्रेस विज्ञप्ति सम्बन्धमा।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८०।१०।०२ गतेको प्रेस विज्ञप्ति यसै पत्रसाथ संलग्न छ । विस्तृत व्यहोरा विज्ञप्तिबाटै अवगत गरी सोहि बमोजिम सम्बन्धित पालिकाहरुमा समन्वय गर्नुहुन आदेशानुसार अनुरोध छ ।

दर्ता नं. ७८९
मिति: २०८०/१०/३

२०८०।१०।०३
(तबराज सुबेदी)
शाखा अधिकृत

श्री सूचना अधिकारी
website मा राख्ने ।
श्री रोजगार शाखा
सबै वडा कार्यालय, पत्राचार गर्ने
१०/०२

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

विभिन्न संचार माध्यमहरुमा "अन्तर्राष्ट्रिय मानव तस्कर गिरोहको पञ्जामा स्थानीय तह, कोरिया पठाउने भन्दै धमाधम अवैध सम्झौता गर्दै पालिका प्रमुखहरु" भन्ने शिर्षकमा प्रकाशित भएको समाचार प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

समाचार अनुसार स्थानीय तहहरुले दक्षिण कोरियामा मौसमी कामदार पठाउनका लागि दक्षिण कोरियाका विभिन्न कम्पनीहरु सँग नेपाली कामदारहरु पठाउने गरी आपसी समझदारीपत्रमा हस्ताक्षर गर्ने र कामदार पठाउँदा सेवा शुल्क समेत उठाउने गरेको जानकारी प्राप्त हुन आएको छ।

नेपालको संविधान अनुसार वैदेशिक रोजगार व्यवस्थापन सङ्घीय सरकारको क्षेत्राधिकार रहेको, वैदेशिक रोजगार ऐन, २०६४, नियमावली, २०६४ ले गरेको प्रावधान अनुसार वैदेशिक रोजगारीमा जान अनिवार्य रुपमा नेपाल सरकारबाट श्रम स्वीकृति लिनुपर्ने व्यवस्था भएको, मौसमी कामदारको सम्बन्धमा "मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९" जारी गरिएको छ भने वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया पठाउनका लागि जिम्मेवार संस्था हालसम्म रोजगार अनुमति प्रणाली (Employment Permit System-EPS) मात्र रहेको व्यहोरा सबैलाई जानकारी हुनु नै पर्दछ।

वैदेशिक रोजगारीमा मौसमी कामदार पठाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट जारी गरिएको "मौसमी कामदार व्यवस्थापन निर्देशिका,२०७९" बमोजिमको प्रक्रिया पुरा गरी मौसमी कामदार पठाउने सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प. सं. २०७८/७९, च.नं. २६६ मिति २०७९/०२/२० मा स्थानीय तहहरुलाई पत्राचार समेत भएको सन्दर्भमा प्रचलित कानून बमोजिम मात्र गर्न गराउनुहुन सम्वन्धित सवै सरोकारवालाहरुलाई मन्त्रालय हार्दिक अपील गर्दछ।

(राजिव पोखरेल)

सहसचिव/प्रवक्ता

मिति:२०८०/१०/०२

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोन:- ११४१